**मिति २०७७ अषाढ ९ गते बसेको ६१ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम, बजेट सभामा पेश गर्ने सम्बन्धमा ।
२. आर्थिक ऐन २०७७ र विनियोजन ऐन २०७७ नगरसभामा पेश गर्ने ।
३. कार्यविधि/निर्देशिकाहरु स्विकृत गर्ने सम्बन्धमा ।
४. राजश्व क्षतिपुर्ति तथा मिनाहाको लागि नगर सभामा पेश गर्ने सम्बन्धमा ।
५. कार्यपालिका बैठक तथा नगर प्रमुखबाट भए गरेका निर्णयहरु नगरसभामा अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा ।
६. लेखा समितिको प्रतिवेदन नगरसभामा पेश गर्ने सम्बन्धमा ।
७. न्यायिक समिति कार्य सञ्चालन कार्यविधि २०७६ संशोधनका लागि नगर सभामा पेश गर्ने सम्बन्धमा ।
८. कर्मचारीहरुको तलबी प्रतिवेदन सम्बन्धमा ।
९. नदीजन्य पदार्थ, बसपार्क र कवाडी ठेक्का बन्दोबस्तहरुको आ.व. २०७७/७८ को ठेक अंक स्विकृत गरी प्रक्रिया अगाडी बढाउने सम्बन्धमा ।
१०. आर्थिक ऐन २०७६ संशोधनका लागि नगर सभामा पेश गर्ने सम्बन्धमा ।
११. स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ नगरसभामा पेश गर्ने सम्बन्धमा ।
१२. करारका कर्मचारीहरुको बिमा तथा सामाजिक सुरक्षा कोष स्थापना सम्बन्धमा ।
१३. न्यायिक समितिको प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमा ।
१४. प्रशंसा पत्र दिने सम्बन्धमा ।
१५. प्रगती समिक्षा अम्दानी खर्च अनुमोदन सम्बन्धमा ।
१६. कोभिड-१९ कोरोना भाईरसको आम्दानी तथा खर्च सम्बन्धमा ।
१७. सामुदायिक विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन खर्च दिने सम्बन्धमा ।
१८. कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन कोषमा रकम दाखिला गर्न नगरसभामा पेश गर्ने सम्बन्धमा ।
१९. निड्स नेपाललाई कार्यक्रम सञ्चालन अनुमती समबन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम, बजेट पाचौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** आर्थिक ऐन २०७७ र विनियोजन ऐन २०७७ पाचौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिकाको तपशिलका कार्यविधि/निर्देशिकाहरु स्विकृत गर्ने निर्णय गरियो ।

क) तीन पाङ्ग्रे सवारी साधन व्यवस्थापन कार्यविधि, २०७६
ख) वहाल विटौली कर कार्यविधि, २०७६
ग) खर्चको मापदण्ड सम्बन्धी निर्देशिका, २०७६

**निर्णय नं.४ :** यस गोदावरी नगरपालिकाको राजश्व क्षतिपुर्ति तथा मिनाहाको लागि देहाय बमोजिमको रकम मिनाहा/क्षतिपुर्तिका लागि पाचौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | विवरण | मिनाहा दिनुपर्ने रकम (रु.) | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | खुटिया नदी | २६२१९३५४.७२ | |
| २ | खैराना नदी | ४६७०३२२.३८ | |
| ३ | गोदावरी नदी | ५९३२१३१.९० | |
| ४ | कवाडी | १६३८३५६/- | |
| ५ | बसपार्क | ३०८७६७१/- | |
| | **जम्मा** | **४१५४७८३६/-** | |

**निर्णय नं.५ :** कार्यपालिका बैठक तथा नगर प्रमुखबाट भए गरेका निर्णयहरु नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** यस गोदावरी नगरपालिकाको लेखा समितिको प्रतिवेदन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** यस गोदावरी नगरपालिकाको न्यायिक समिति कार्य सञ्चालन कार्यविधि २०७६ संशोधनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** यस गोदावरी नगरपालिकाका कर्मचारीहरुको तलबी प्रतिवेदन पारितका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** देहायका ठेक्का बन्दोबस्तहरुको आ.व. २०७७/७८ को ठेक अंक स्विकृत गरी प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

**देहाय :**

| क्र.सं. | ठेक्का मार्फत संकलन गर्नुपर्ने राजश्वको शिर्षक | आ.व. २०७७/०७८ का लागि न्यूनतम ठेक अंक | कैफियत |
|---|---|---|---|
| १ | पार्किङ्ग शुल्क (अत्तरिया बसपार्कबाट) | ६,६००,०००/- | |
| २ | कवाडी कर | ५५०,०००/- | |
| ३ | नदीजन्य पदार्थ विक्रि शुल्क-खुटिया | ५६,०००,०००/- | |
| ४ | नदीजन्य पदार्थ विक्रि शुल्क-खैराना | ८,५००,०००/- | |
| ५ | नदीजन्य पदार्थ विक्रि शुल्क-गोदावरी | ५,५००,०००/- | |

**निर्णय नं.१० :** यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७६ संशोधन विद्येयक नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस गोदावरी नगरपालिकाको स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** यस गोदावरी नगरपालिकामा कार्यरत सेवा करार कर्मचारीहरुको बिमा तथा सामाजिक सुरक्षा कोष स्थापनाका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** यस गोदावरी नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** कोभिड १९ कोरोना भाईरसको समयमा यस गोदावरी नगरपालिकाको कोरोना कोषमा नगदी, जिन्सी सामाग्री दिने दाता/संघसंस्थाहरुलाई प्रशंसा पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.१५ :** यस गोदावरी नगरपालिकाको प्रगती समिक्षा आम्दानी खर्च अनुमोदन गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६ :** कोभिड १९ कोरोना भाईरसको लागि भएको आम्दानी तथा खर्च नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ :** सामुदायिक विद्यालयको विद्यार्थीसंख्या, निजी स्रोतका शिक्षक र विद्यालयको आर्थिक हैसियतलाई मध्यनजर गरी अनुदान दिन पेश भएको जम्मा रकम १,४२,५०,०००/- (एक करोड बयालिस लाख पचास हजार मात्र) साझेदारी कोष (Matching Fund) बाट व्यहोने गरी स्विकृतका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ :** कोभिड १९ कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन कार्यको लागि हाल सम्म नगरपालिकाबाट रु. २,५०,००,०००/- दाखिला भएको मध्ये रु. १,५०,००,०००/- पुजिगत खर्च लेखी दाखिला भएकोले चालु आ.व. २०७६/०७७ मा सशर्त चालु तर्फ खर्च नभै बाँकी रहने रकमबाट उक्त पूजिगत खर्चको हिसाब सोधभर्ना गरी बढी भए जति रकम कोरोना भाईरस नियन्त्रण तथा व्यवस्थापन कोषमा दाखिला गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्र निड्स नेपाललाई कार्यक्रम सञ्चालनका लागि अनुमती दिने निर्णय गरियो ।